# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ८) बेसीशहर, असार २२ गते, २०८२ साल (संख्या ३**


**भाग १**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम बेसीशहर नगरपालिकाको मिति २०८२/०३/२२ को १७ औँ नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेसीशहर नगरपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावनाः**

बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेसीशहर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१.** संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “ बेसीशहर नगरपालिकाको विनियोजन ऐन २०८२” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **“ऐन”** भन्नाले बेसीशहर नगरपालिकाको विनियोजन ऐन, २०८२ सम्झनुपर्छ ।

(ख) **“कार्यपालिका”** भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **“नगरपालिका”** भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ ।

(ङ) **"सभा"** भन्नाले बेसीशहर नगरपालिकाको सभा सम्झनुपर्छ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

**३. आर्थिक वर्ष २०८२।८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक बर्ष २०८२।८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७८,४८,९२,०००।– (अक्षेरूपी अठहत्तर करोड अठ्चालीस लाख बयान्नब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**४. विनियोजन**: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।८३ को निमित्त बेसीशहर नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको बीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको बीस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची–१

**(दफा ३ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं | शीर्षकको नाम | चालु खर्च रु | पूँजीगत खर्च रु | वित्तिय व्यवस्था | जम्मा रु |
|---|---|---|---|---|---|
| १. | नगरकार्यपालिका | ४७,९०,००,००।- | ३०,५८,९२,०००।- | ०।- | ७८,४८,९२,०००।- |
| २. | वडासमिति | ४७,९०,००,००।- | ३०,५८,९२,०००।- | ०।- | ७८,४८,९२,०००।- |
| ३. | विषयगत शाखा | ०।- | ०।- | ०।- | ०।- |
| ४. | ऋणको साँवाव्याज भुक्तानी | ०।- | ०।- | ०।- | ०।- |
| ५. | लगानी (शेयर/ऋण) | ०।- | ०।- | ०।- | ०।- |

आज्ञाले,
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.५।–